मर्स्याङ्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
भूलभूले, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

पत्र संख्या— ०८२।८३
चलानी - ६७६८

मिति — २०८२।०७।१९

विषय — रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

श्री सम्बन्धित सबै ।

प्रस्तुत विषयमा यस मर्स्याङ्दी गाउँपालिका अन्तर्गत रहेको श्री पवित्र प्राथमिक विद्यालय वडा नं.-५ खोरियाखेत, लमजुङको प.सं. २०८२।०८३ च.नं. २८ मिति २०८२।०७।१७ गतेको पत्रबाट उक्त विद्यालयमा रिक्त रहेको प्रा.वि. तह, तृतीय श्रेणीको स्वीकृत दरबन्दीमा स्थायी शिक्षक सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी अनुरोध भै आएकोले सम्बन्धित तहका योग्यता पुगेका शिक्षकहरुबाट यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रचलित शिक्षा नियमावलीको अनुसुची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह एवं शिक्षा विकास तथा समन्वय इकाईको सरुवा सहमती सहित सम्बन्धित विद्यालयमा निवेदन पेश गर्न शिक्षक सरुवा सम्बन्धी निर्देशिका २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्च

१. तोकिएको म्याद भित्र मर्स्याङ्दी गाउँपालिकाको ईमेल ठेगाना marsyangdirm@gmailcom मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।
२. म्याद नाघी आएका वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथी कुनै कारवाही हुने छैन । साथै थप जानकारिको लागि विद्यालयका वि.व्य.स. अध्यक्ष श्री सुबिना घले ९८४६२९३१४३ मा सम्पर्क गर्न सकिनेछ ।

विज्ञान पौडेल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री शिक्षा विकास तथा समन्वय ईकाइ लमजुङ — सूचना वेवसाइट मार्फत सम्प्रेषण गरिदिन हुन ।

श्री पवित्र प्राथमिक विद्यालय वडा नं.-५ खोरियाखेत, लमजुङको — शिक्षक सरुवा सम्बन्धी निर्देशिका २०८१ को आगामी प्रक्रिया नियमानुसार गर्नहुन ।

श्री सूचना तथा संचार प्रविधि शाखा, मर्स्याङ्दी गा.पा. लमजुङको website मा सूचना अपलोड गरिदिन हुन ।